स्थानीय सरकार

# बर्दगोरिया गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

मुडा कैलाली, सुदूरपश्चिम प्रदेश नेपाल

## २०७९ साल बैशाख ३० गतेको स्थानिय तह निर्वाचनबाट नेतृत्व चयन भए यता कैलालीको बर्दगोरिया गाउँपालिकामा भएका विकास तथा उपबल्धीहरु




देशकै पहिलो आधारभूत अस्पताल तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओलीद्वारा देशभर एकसाथ शिलान्यास गरिएका ३९६ वटा १५ शय्याका आधारभूत अस्पताल मध्ये कैलालीको बर्दगोरिया गाउँपालिकाको दोदोधारा अस्पताल निर्माणमा देशकै पहिलो बनाएका छौ । २०८० असार २० गते सम्पन्न गर्ने गरी लुम्बिनी थोदुङरशिव खिम्ती जेभीले २०७८ असार २० गते सम्झौता गरेको थियो । सम्झौता मिति भन्दा चार महिना अगावै अस्पताल भवन निर्माण भएको छ ।

तत्कालिन गाउँपालिका अध्यक्ष बलिराम डगौरा थारुको पालामा अस्पताल निर्माणको काम सुरु भए पनि कामले गती भने पाएको थिएन । २०७९ को स्थानीय तह निर्वाचन पछि हामी नेतृत्वमा आए सँगै अस्पताल निर्माणले गति पायो। २०८० बैशाख १५ गते सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमल बहादुर शाहले उद्घाटन समेत गरे। अस्पतालले अहिले MDGP, MBBS लगायतका दक्ष जनशक्ति द्वारा २४ सै घण्टा सेवा प्रवाह गरिरहेको छ । सरकारले नि:शुल्क वितरण गर्ने औषधी त छन नै अन्य औषधीहरुमा समेत १० प्रतिशत छुट, आधुनिक ल्याव, आँखा उपचार सेवा, सहुलियत फार्मेसी सेवा, रेविज खोप, स्वास्थ्य विमा लगाएतका विविध स्वास्थ्य सेवा सम्बन्धी सेवा प्रवाह भई रहेका छ। अस्पतालबाट बर्दगोरियाका जनता सँगै छिमेकी घोडाघोडी नगरपालिका, लम्कीचुहा नगरपालिका, मोहन्याल गाउँपालिका, जोशीपुर गाउँपालिका देखी सुर्खेत सम्मका नागरिकहरुले सेवा लिईरहेका छन् ।

- **एम्बुलेन्स, शव बहान, नि:शुल्क महाप्रस्थान तथा शव चिस्यान सेवा संचालन**




बर्दगोरिया गाउँपालिकाले आफ्ना नागरिकहरूको सुख-दु:खमा साथ दिँदै सामाजिक उत्तरदायित्व अन्तर्गत विशेष स्वास्थ्य तथा आकस्मिक सेवाहरू सञ्चालनमा ल्याएको छ। आर्थिक रूपमा विपन्न, असहाय तथा लक्षित वर्गलाई राहत पुऱ्याउने उद्देश्यका साथ गाउँपालिकाले देहाय बमोजिमका सेवाहरू उपलब्ध गराउँदै आएको छ। गर्भवती महिलाहरूका लागि नि:शुल्क एम्बुलेन्स: गाउँपालिका भित्रका गर्भवती महिलाहरूलाई सुरक्षित प्रशुति सेवाका लागि स्वास्थ्य संस्थासम्म पुग्न पूर्ण रूपमा नि:शुल्क एम्बुलेन्स सेवा। गाउँपालिकाका अन्य बिरामीहरूका लागि अत्यन्तै सुलभ र सहुलियत दरमा एम्बुलेन्स सेवा।

नागरिकको दुःखद निधनको घडीमा परिवारलाई आर्थिक र मानसिक राहत दिन निःशुल्क महाप्रस्थान (शव वाहन) तथा शव चिस्यान सेवा उपलब्ध गराउदै आएको छ।

## ➢ मलामी खर्च वितरण

यस बर्दगोरिया गाउँपालिका भित्रका स्थायी बासिन्दाहरुको मृत्यु भएमा किरिया खर्च वाफत सोहि दिन घरमै गई विगत २ बर्ष देखि निरन्तर रुपमा प्रत्येक परिवारलाई राहत स्वरुप रु १०,०००।— का दरले आर्थिक सहयोग नगद उपलब्ध गराउदै आइरहेको छ।



## ➢ बर्दगोरिया कलेज संचालन




विगत लामो समय देखी बर्दगोरियामा क्याम्पस संचालनका लागी बिभिन्न प्रयासहरु भए । तत्कालिन अवस्थामा धेरै प्रयास गरिए पनि क्याम्पसको अनुमती पाउन सकिएको थिएन । यसै बिच स्थानीय तह गठन पछि यस गाउँपालिकाको नेतृत्व नेपाली काँग्रेसबाट निर्वाचित बलिराम डगौरा थारुले पनि गरेका थिए । उनको पालामा समेत क्याम्पस संचालनको अनुमती पाउन सम्भव भएन । २०७९ को स्थानीय तह निर्वाचनबाट कर्ण बहादुर कुँवर नेतृत्वमा आएपछि अहिले बर्दगोरिया कलेजमा स्नातक तह र स्नातकोत्तर तहको पठनपाठन संचालन भई रहेको छ। यस अघि क्याम्पस पढ्न घोडाघोडी, लम्की वा अन्यत्र जानु पर्ने बाध्यताको अन्त्य भएको छ । अहिले विद्यार्थीहरु भर्ना भई अध्ययन गरिरहेका छन् ।

## ➢ भूमिहिनलाई लालपूर्जा वितरण



भूमिहिनलाई लालपूर्जा वितरण, भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुलाई व्यवस्थित गर्न तथा उनीहरुलाई जग्गा धनि बनाउने अभियान अन्तिम चरणमा पुगेको छ । ६ वटा वडा रहेको यस बर्दगोरिया गाउँपालिकामा ५ वटा वडा (१,२,३,५,६) मा जग्गा नाप नक्साको काम सकिएको छ भने वडा नम्बर ४ मा नाप नक्साको काम अन्तिम चरणमा रहेको छ । वडा नम्बर ३ का ७ जना भूमिहिनलाई लालपूर्जा वितरण गरिएको छ भने सोही वडाका थप ८ जनालाई लालपूर्जा वितरण गर्ने अन्तिम तयारी भईरहेको छ । वडा नम्बर ४ को नापजाँच फागुन मसान्त सम्म सम्पन्न गरी लालपूर्जा वितरणमा अघि बढ्ने गाउँपालिकाको लक्ष्य छ।

## ➢ माध्यामिक तह सम्म निःशुल्क शिक्षा



माध्यामिक तह सम्म निशुल्क शिक्षा लागु गर्ने सरकारको नीति भएपनि यस गाउँपालिकामा भने त्यो लागु हुन सकेको थिएन । अनुमती तथा दरबन्दीको अभावमा अधिकांश विद्यायहरु सामुदायिक रुपमा चल्दै आएका थिए । उनीहरुले बिभिन्न बहानामा अभिभावकबाट चर्को रकम लिनु पर्ने बाध्यता थियो । तर २०७९ को स्थानीय तह निर्वाचन पछि हामीले माध्यामिक तह सम्म निसुल्क गरेका छौ । विद्यालयले आन्तरिक श्रोतबाट राखेका शिक्षकहरुलाई गाउँ शिक्षकको रुपमा व्यवस्थापन गरेका छौ । विद्यालयको अन्य व्यवस्थापनका काममा समेत गाउँपालिकाले रेखदेख गर्दै जिम्मेवारी बहन गरेको छ । निसुल्क शिक्षा पाइने भएपछि गाउँपालिकाका विद्यालयहरुमा विद्यार्थीको संख्या बढ्दो क्रममा छ । निसुल्क शिक्षा सँगै त्यसलाई गुणस्तरीय बनाउन योग्य ब्यक्तीहरुलाई विद्यालयको नेतृत्वमा पठाएका छौ । अहिले विद्यालयको प्रधानाध्यापकहरु फेरबदल गरी योग्य र दक्ष राखेका छौ ।

## ➢ सडक सुधार अभियान

सडक सुधार अभियान आफ्नै साधान तथा उपकरणहरु(ब्यकहो लोडर, ग्रेडर, टिप्पर, ट्रेक्टर आदि) खरिद गरी सडक पानीपिच (कालोपत्रेको बेस निर्माण) को काम गरिरहेका छौ । गत आर्थिक वर्ष २०८१/०८२ मा अन्तरपालिका जोड्ने ९७ किलोमिटर सडकको स्तर बृद्धी (पानीपिच) गरेका थियौ । हामीले चालु आर्थिक वर्ष भित्र सबैवडाका टोलटोलका सडकहरु स्तरबृद्धी गर्ने लक्ष्य राखेका छौ । बेस निर्माण पश्चात कालोपत्रे सडक निर्माणका लागि दिर्घकालिन योजना बनाएका छौ।



## ➢ घर–घरमा खानेपानी



करिब १४ करोड ५० लाखको सडकपुर बौनिया खानेपानी आयोजना निर्माण गर्न सरकारको ७० प्रतिशत र स्थानीयबासीको ३० प्रतिशत लगानी साझेदारीमा काम गर्ने गरी २०७३ सालबाट खानेपानी आयोजना अघि बढेको थियो । तर २०७९ साल सम्म पनि आयोजनाले पूर्णता पाउन सकेको थिएन । उपभोक्ता समितिमा देखिएको राजनीतिक खिचातानीले प्रदेश सरकारले बिनियोजन गरेको ४० लाख र स्थानीय बर्दगोरया गाउँपालिकाले बिनियोजन गरेको २० लाख गरी ६० लाख रकम फ्रिज गएको थियो । ३० प्रतिशत लागत साझेदारीको रकम स्थानीयबाट संकलन भए पनि बर्षा सम्म खानेपानी संचालन नहुँदा स्थानीयमा समेत आक्रोश बढेको थियो । २०७९ को स्थानीय तहको निर्वाचनबाट हामी नेतृत्व आए सँगै खानेपानी संचालनमा आएको छ । विगतमा अलपत्र परेको खानेपानी अहिले वडा नम्बर १,२ र ४ का करिब १२०० घर धुरीमा खानेपानीका धारा जोडिएका छन् । करिब ३ हजार ५ सय धारा क्षमताको खानेपानी बिस्तारको क्रममै रहेको छ ।

गाउँपालिकाको ३ हजार ५ सय घरधुरीमा शुद्ध खानेपानी वितरणका लागी काम भईरहेको अवस्थामा पालिका भरी खानेपानी पुऱ्याउने लक्ष्यका साथ हामीले विश्वबैंक सँग करिब ७० करोडको आयोजना सम्झौता गरेका छौ । आयोजनाले आफ्नो अध्ययन सकेर हाल वडा नम्बर १ र ३ मा काम सुरु गरेको छ ।

## ➢ उज्यालो पालिका अभियान



हामी नेतृत्वमा आए सँगै पालिकालाई उज्यालो बनाउने अभियानको थालनी गरेका छौ । अध्यारोका कारण हुन सक्ने चोरी, डकैती र सडक दुर्घटना न्यूनीकरण गर्न हामीले सय बढी सडक बत्ती जाडन गरेका छौ भने वडा नम्बर १ मा ४ थान, वडा नम्बर २ मा ३ थान र वडा नम्बर ४ मा ३ थान गरी १० थान हाइमास्ट लाईट जडान गरेका छौ । बाँकी रहेका ठाउँहरुमा पनि लाईट जडानको काम अघि बढाउने योजनामा छौ । उज्यालो पालिका अभियान अन्तर्गत विद्युत नपुगेका वडा नम्बर ३ को दानुवाफाटा र बिभिन्न वडाका नयाँ बस्तीहरुमा समेत विद्युत बिस्तार गरेका छौ ।

## ➢ टोल—टोलमा सामाजिक सुरक्षा भत्ता



स्थानीय तहको गठन सँगै सेवाग्राहीले सामाजिक सुरक्षा भत्ता लिन बैंकमा पुग्नु पर्ने बाध्यता थियो । अशक्त, वृद्ध वृद्धा, अपांगता भएकाहरुले समेत घाम, पानी नभनी बैंकको लामो लाईन बस्ने गरेका थिए । भोकभोकै लाइन बस्दा पनि सेवाग्राहीको चाँप र समय अभावका कारण कतीपयले भत्ता नपाई घर पर्किनु पर्ने र अर्को दिन पुनः दौडधुप गर्नु पर्ने बाध्यता थियो । नेतृत्वमा नहुँदा पनि यो समस्या संग परिचित हामी नेतृत्वमा आए सँगै यो समस्याको हल गरेका छौ । सामाजिक सुरक्षा भत्ता वितरण गर्न बैंकले नै टोल—टोलमा जानु पर्ने नीति अघि सारेका छौ । सोही अनुसार बिभिन्न वडाका १८ बढी टोलमा पुगेर घर आगनबाटै सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएका छौं ।

## ➢ आफ्नै प्रशासनिक भवन




२०७६ सालमा भवनको शिलान्यास गरिए पनि २०७९ साल सम्म निर्माण सम्पन्न हुन सकेको अवस्था थिएन । १५ महिनामा सम्पन्न गर्ने गरी सम्झौता गरिएको भवन ४ वर्ष सम्म पनि सम्पन्न भएन । गाउँपालिकाको निरिहता र निर्माण कम्पनीको लापरबाहीले प्रशासकिन भवन अलपत्र पर्ने अवस्था थियो । हामी नेतृत्वमा आए सँगै प्रशासनिक भवन निर्माणको कामलाई गति दियौ । काममा लापरवाही गर्ने निर्माण कम्पनीलाई करिब ८० लाख पेनाल्टी जरिवाना गराई समयसीमा तोकी काम सम्पन्न गराएका छौ । ६ पटै वडाका कार्यालय भवन निर्माण गरी आफ्नै भवनबाट कार्यालय संचालन भई गराइरहेका छौ।

## ➢ ३ वटा झोलुङ्गे पुल



संघीय सरकार मार्फत यस गाउँपालिकाको वडा नम्बर ३ र ४ जोड्ने एउटा, वडा नम्बर २ र ३ जोड्ने एउटा तथा वडा नम्बर ६ र घोडाघोडी नगरपालिकाको वडा नम्बर ३ जोड्ने एउटा गरी ३ वटा झोलुङ्गे पुल निर्माण गर्नु पर्ने थियो । आयोजनाको ठेक्का सम्झौता गरिएको भएपनि रकम भने प्राप्त भइसकेको थिएन । हामीले जनताले भोग्नु परेका समस्यालाई मध्येनजर गर्दै संघीय सरकारबाट आउने रकमलाई पालिकाले प्रयोग गर्ने गरी तत्काल पालिकाको ८० लाख बजेट बिनियोजन गरी सो रकमबाट वडा नम्बर ३ र ४ तथा वडा नम्बर ६ र घोडाघोडी ३ जोड्ने दुईवटा झोलुङ्गे पुल निर्माण सम्पन्न गरी संचालनमा ल्याएका छौं ।

## ➢ पक्की पुलको उद्घाटन



राष्ट्रिय गौरवको आयोजना सेती लोकमार्ग अन्तर्गत बर्दगोरिया गाउँपालिका वडा नम्बर ३ को काँडा खोलामा पक्की पुलको उद्घाटन गरेका छौं । निर्माण कम्पनीलाई सम्झौता अवधी भन्दा १५ महिना अघि काम सम्पन्न गर्न गाउँपालिकाको सहयोग र समन्वय महत्वपूर्ण रह्यो । यस्तै बौनिया—भजनी सडक खण्ड अन्तर्गत पर्ने घैलानालामा बनेको पुलको समेत हामीले उद्घाटन गरेका छौ । निर्माणको चरणमा कुनै विवाद सृजना हुन नदिन तथा सृजित समस्या समाधानका लागी हाम्रो सहयोग निरन्तर रह्यो । सोही सडक अन्तर्गत पर्ने कुइरा खोलामा पनि पक्की पुल निर्माणको काम सुरु गरेका छौं । संघीय सरकारको लगानीमा बन्न थालेको सो पुलको डिजाइन लामो समय सम्म स्वीकृत नहुँदा सम्झौताको वर्ष दिन सम्म पनि काम सुरु भएन । गाउँपालिकाको निरन्तरको दवाव र समन्वयबाट पुलको डिजाईन स्वीकृत भई निर्माणको कार्य अघि बढेको छ।

## ➢ पालिका अध्यक्षको तलब भत्ता बिपन्नलाई



अध्यक्षको तलब भत्ता नलिने भनी हामीले निर्वाचनताका नै आम जनतालाई जानकारी गराएका थियौ । अझ भनौ हाम्रो घोषणा पत्रमै उल्लेख गरेका थियौ । सोही अनुरुप हामीले गाउँपालिका अध्यक्षले पाउने तलब भत्ता बाफतको रकमबाट पालिकाका २४० जना अशक्त तथा अपांगता भएका नागरिकलाई न्यानो कपडा र नगद ७ लाख ४ हजार वितरण गरेका छौ ।

## ➢ वडामै प्रसुती सेवा




यस अघिको स्थानीय सरकारले हरेक वडामा स्वास्थ्य चौकी, स्वास्थ्य इकाईका भवनहरु निर्माण गरिएको भएपनि पूर्ण रुपमा संचालनमा भने आएको थिएन । हामी नेतृत्वमा आए लगत्तै हरेक वडामा स्वास्थ्य संस्था संचालन गरेका छौं । वडा नम्बर ३, ४ र ५ मा स्वास्थ्य इकाई मार्फत प्रसुती सेवा समेत संचालनमा ल्याएका छौं । घर आँगनमै प्रसुती सेवा पाएपछि स्थानीयहरु खुसी छन् । यसलाई थप प्रभावकारी बनाउन दक्ष जनशक्ती उत्पादन, परिचालन र आवश्यक औजार उपकरण खरिद तथा व्यवस्थापन लगायतका काममा हामी अग्रसर बनेका छौ ।

## ➢ तट्बन्धन र धार परिवर्तन



यस गाउँपालिकाको वडा नम्बर १,२,३ र ४ का बिभिन्न बस्तीहरु जोगाउन हामीले नदीको धार परिवर्तन गरेका छौ । गत आर्थिक वर्षको असारमा नदीको कटानले बस्ती क्षती गर्ने सम्भावना बढेपछि हामीले आवश्यकताका आधारमा बिभिन्न नदीहरुको धार परिवर्तन गरेका हौ । यसका साथै स्थानीय तहको बजेटले पुग्ने जती तट्बन्धन निर्माणको काम पनि अघि बढाएका छौ । हाम्रो बजेटले मात्रै काम नहुने भएपछि प्रदेश तथा संघीय सरकार सँग समन्वय अघि बढाएका छौ ।

## ➢ स्वास्थ्य बिमा लागु



हामीले हरेक नागरिकलाई सहज र निःशुल्क रुपमा स्वास्थ्यको पहुँचमा ल्याउन स्वास्थ्य बिमा कार्यक्रमलाई अनिवार्य बनाउने योजनामा छौ । हामीले संचालनमा ल्याएको दोदोधरा अस्पतालमा स्वास्थ्य बिमा लागु गरेका छौ । यसलाई नागरिक स्तर सम्म लैजान सचेतना अभिबृद्धी कार्यक्रम अघि बढाएका छौ । यस्तै अति बिपन्न नागरिकको स्वास्थ्य बिमा पालिकाले नै गरिदिने गरी हामी गहन छलफल गरिरहेका छौ।

## ➢ सीमा विवाद समाधान



विगत देखी नै उत्तरी सीमा क्षेत्र रहेको मोहन्याल गाउँपालिका सँग हाम्रो सीमा विवाद थियो । जसका कारण हाम्रो क्षेत्रका नदिजन्य पदार्थको रोयल्टी समेत मोहन्यालले उठाउने गरेको थियो । तर हामी नेतृत्वमा आएपछि मोहन्याल सँगको सीमा विवाद तत्कालका लागी समाधान गरेका छौ । विगतमा बालुवाको मात्रै टेन्डर हुने गरेकोमा अहिले ढुङ्गाको रोयल्टी समेत संकलन गर्ने गरेका छौ । जसका कारण पालिकाको आन्तरिक श्रोत समेत बलियो बन्ने अपेक्षा राखेका छौ ।

## ➢ सुशासन र सुरक्षा व्यवस्था



हामीले भ्रष्टचार बिरुद्ध शुन्य सहनशिलताको नीति अवलम्बन गरेका छौ । कुनै पनि माध्यमबाट बजेट चुहावट हुन नदिन आपसी समन्वयमा कडाई गरेका छौ । आफ्नो क्षेत्रको सुरक्षा व्यवस्था कडा पार्न हामीले इलाका प्रहरी कार्यालय बौनियाँ र सशस्त्र प्रहरी वेस क्याम्प बौनियाँ सँग समन्वय र सहकार्य गर्दै आएका छौ । सुरक्षाकर्मी परिचालनलाई सहज बनाउन हामीले सुरक्षा निकायलाई आवश्यक इन्धन र गाडी मर्मत खर्च व्यवस्थापन गर्दै आएका छौ । आवश्यकताको आधारमा आन्तरिक भौतिक संरचना निर्माण तथा व्यवस्थापनमा पनि सामान्य सहयोग गर्ने गरेका छौ।

## ➢ पूर्णखोप सुनिश्चितता पालिका घोषणाः




खोप पाउनु बालबालिकाको नैसर्गिक अधिकार हो भने खोप दिलाउनु हामी सबैको कर्तब्य हो |बाल मृत्युदर र अपाङ्गता हुनबाट जोगाउन खोपको महत्वपूर्ण भूमिका रहेको हुन्छ |यसले देशको समग्र विकास र उन्नतिमा पनि टेवा पुरयाएको हुन्छ |नेपालको खोप ऐन २०७२ ले सम्पूर्ण बालबालिकाहरुलाई गुणस्तरीय खोप प्राप्त गर्ने मौलिक अधिकारको रुपमा व्यवस्था गरेको छ भने नेपालको संबिधान २०७२ को धारा ३५ ले स्वास्थ्य सेवालाई मौलिक हकको रुपमा लिएको छ।

विगतका वर्षहरुमा झैं यस आ. व. २०८२/०८३ मा पनि यस पालिकामा कार्यरत स्वास्थ्यकर्मी तथा म. स्वा. स्वं. से. ज्यूहरुद्वारा पालिकाका १२ वटै वडाका टोल-बस्तीहरुमा जन्मे देखि १५ महिना सम्मका सम्पूर्ण बालबालिकाहरु र १६ महिना देखि ५९ महिना सम्मका बालबालिकाहरुले पूर्णखोप पाए नपाएको सुनिश्चित गर्न घरदैलो अभियान संचालनगरी राष्ट्रिय खोप तालिका अनुसार शुन्य डोज, आंशिक खोप र पूर्णखोप लगाउन छुट भएका बालबालिकाहरुलाई मासिक नियमित खोप कार्यक्रम मार्फत र बैशाख महिना भरी थप खोप शेशन संचालन गरी राष्ट्रिय पूर्णखोप निर्देशिका बमोजिम सम्पूर्ण प्रक्रिया पुरा गरी वडा तथा पालिकालाई पूर्णखोप पालिका सुनिश्चितता गरिएको छ।

**बर्दगोरिया गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय**

मुडा कैलाली, सुदूरपश्चिम प्रदेश नेपाल

**कर्ण बहादुर कुँवर**

**अध्यक्ष**